# भक्तपुर नगरपालिका
# राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड ४ भक्तपुर, चैत्र२६गते, २०७७ साल संख्या८

## भाग १

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको आठौं नगर सभा २०७७ बाट पारित भएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्वत् २०७७ सालको नियमावली

## भक्तपुर नगरपालिका
## श्वासप्रश्वास पुनर्स्थापन केन्द्रको सञ्चालन नियमावली – २०७७

प्रस्तावना:

श्वासप्रश्वास सम्बन्धी रोगका बिरामीहरुलाई उपचार तथा परामर्श सेवा उपलब्ध गराउन वाञ्छनीय भएकोले दीर्घ दमखोकी भएका व्यक्तिहरूलाई पुनर्स्थापन सेवा प्रदान गर्न स्थापना भएको श्वासप्रश्वास पुनर्स्थापन केन्द्र (Respiratory Rehabilitation Center)को सञ्चालन र व्यवस्थापनमा सहजताका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ र भक्तपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम भक्तपुर नगरपालिकाको आठौं नगर सभाबाट यो "भक्तपुर नगरपालिका, श्वासप्रश्वास पुनर्स्थापन केन्द्रको सञ्चालन नियमावली – २०७७" बनाई लागू गरिएको छ।

### परिच्छेद – १ : संक्षिप्त नाम, परिभाषा र प्रारम्भ

१.१. केन्द्रको संक्षिप्त नाम, प्रारम्भ :

(१) यस नियमावलीको नाम "श्वासप्रश्वास पुनर्स्थापन केन्द्रको सञ्चालन नियमावली – २०७७" रहनेछ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

१.२. परिभाषाः

क. “केन्द्र” भन्नाले “श्वासप्रश्वास पुनर्स्थापन केन्द्र”, अंग्रेजीमा "Respiratory Rehabilitation Center"सम्झनु पर्छ र यस केन्द्रलाई संक्षिप्तमा RRC बाट सम्बोधन गरिनेछ ।

ख. “नियमावली” भन्नाले श्वासप्रश्वास पुनर्स्थापन केन्द्र सञ्चालन नियमावली - २०७७ सम्झनु पर्छ ।

ग. “व्यवस्थापन समिति” भन्नाले केन्द्रको संचालन र व्यवस्थापन गर्न यस नियमावली अनुसार गठित व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद- २ : उद्देश्य

२.१. नियमावलीको उद्देश्यः यस नियमावलीको मुख्य उद्देश्य केन्द्रको सहज सञ्चालन र व्यवस्थापन गर्नु रहेको छ ।

२.२. केन्द्रको उद्देश्य : केन्द्रका उद्देश्यहरू देहाय बमोजिम हुनेछन् :

क. दीर्घ दमखोकी भएका व्यक्तिहरूको रोगको निदान गर्ने र ती व्यक्तिहरूलाई श्वासप्रश्वास पुनर्स्थापन सेवा प्रदान गर्ने ।

ख. दीर्घ दमखोकी भएका व्यक्तिहरूको प्रारम्भिक निदान, उपचार र पुनर्स्थापनका लागि सेवा प्रदायकहरूको क्षमता अभिवृद्धि गर्ने ।

ग. सामुदायिक परिचालन, सूचना, शिक्षा र सञ्चार गतिविधिहरूको माध्यमबाट दीर्घ दमखोकी रोगको रोकथाम र नियन्त्रणको बारेमा जनचेतना जगाउने ।

घ. राष्ट्रिय, प्रादेशिक र स्थानीय स्तरमा उत्कृष्ट केन्द्रको रूपमा श्वासप्रश्वास पुनर्स्थापन सम्बन्धी विशेषज्ञता र संसाधनहरू प्रदान गर्ने ।

## परिच्छेद - ३ : लक्षित समूह र स्वास्थ्य सेवा प्याकेज

३.१. लक्षित समुह : केन्द्रको लक्षित समूहमा स्वाँ स्वाँ आउने, लामो समयसम्म खोकी लाग्ने वा दीर्घ दमखोकी रोगको लागि उपचार गराई राखेका वा लक्षण देखापरि श्वासप्रश्वास पुनर्स्थापन सेवा आवश्यक भएका व्यक्तिहरू हुनेछन् ।

३.२. स्वास्थ्य सेवा प्याकेज : केन्द्रले व्यवस्थापन समितिले तोके बमोजिमको शुल्कमा निम्न सेवाहरू प्रदान गर्नेछ ।

**विवरण**

| क्र.सं. | सेवाहरु |
|---|---|
| १ | **प्रारम्भिक परीक्षण** (Examinations) |
| २ | **वहिरंग सेवाहरू** (History Taking, **जाँच गर्ने, उचाई, तौल र रक्तचाप नाप्ने**) |
| ३ | **स्पाईरोमिटर** |
| ४ | **फिजियोथेरापी- उपकरण सहितको** |
| ५ | **फिजियोथेरापी- उपकरण बिना** |
| ६ | **नेबुलाईजर थेरापी** |
| ७ | **अक्सिजन थेरापी** |
| ८ | **परामर्श शिक्षा** |

३.३. उपरोक्त बाहेक आवश्यकता र प्राविधिक रुपमा सम्भव भएका सेवाहरु व्यवस्थापन समितिको निर्णय अनुसार विस्तार गर्न सकिनेछ ।

३.४. उपरोक्त सेवाको लागि तोकिएको शुल्क केन्द्र परिसरभित्र सर्वसाधारणको जानकारीका लागि सहजै देखिने ठाउँमा राखिने छ ।

## परिच्छेद- ४ : व्यवस्थापन समिति

४.१. भक्तपुर नगरपालिकाद्वारा संचालित जनस्वास्थ्य केन्द्र, भक्तपुरको व्यवस्थापन समिति अन्तर्गत श्वासप्रश्वास पुनर्स्थापन केन्द्रको सञ्चालन हुनेछ ।

## परिच्छेद- ५ : जनशक्ति व्यवस्थापन

५.१. केन्द्रको जनशक्ति : (१) केन्द्र संचालनको सहजताका लागि व्यवस्थापन समितिको निर्णय अनुसार आवश्यक जनशक्तिको व्यवस्थापन गर्नेछ ।

(२) केन्द्र सञ्चालन गर्न आवश्यक जनशक्तिको दरबन्दी देहाय बमोजिम हुनेछन् :-

| क्र.स. | तह | योग्यता | संख्या |
|---|---|---|---|
| १ | मेडिकल डाक्टर | इन्टरनल मेडिसिनमा MD गरेको अथवा MBBS गरी न्युनतम २ वर्षको अनुभव भएको | एक जना |
| २ | फिजियोथेरापिस्ट | फिजियोथेरापिमा स्नातक तह उत्तीर्ण गरेको | एक जना |

| | | | |
|---|---|---|---|
| ३ | स्टाफ नर्स | नर्सिङमा प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तिमा दुई वर्ष काम गरेको अनुभव भएको | दुई जना |
| ४ | हेल्थ असिस्टेन्ट | सामान्य चिकित्सामा प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तिमा दुई वर्ष काम गरेको अनुभव भएको | एक जना |
| ५ | प्रशासन सहायक | स्नातक तह उत्तीर्ण गरेको | एक जना |
| ६ | लेखा सहायक | व्यवस्थापन संकायमा स्नातक तह उत्तीर्ण गरेको | एक जना |
| ७ | जिन्सी सहायक | व्यवस्थापन संकायमा स्नातक तह उत्तीर्ण गरेको | एक जना |
| ८ | कार्यालय सहयोगी | सामान्य लेखपढ गर्न जान्ने | दुई जना |
| ९ | सुरक्षा गार्ड | सामान्य लेखपढ गर्न जान्ने र सुरक्षासम्बन्धी तालिम प्राप्त गरेको | दुई जना |

(३) उपरोक्त बमोजिमको जनशक्ति दरबन्दी एवं कार्य विवरणमा व्यवस्थापन समितिले आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।

(४) केन्द्रमा कार्य गर्ने जनशक्तिहरुको कार्य विवरण अनुसूची १ बमोजिम हुनेछ ।

५.२. जनशक्तिको व्यवस्थापन र पदपूर्तिः १. केन्द्रको लागि आवश्यक जनशक्तिको व्यवस्थापन र पदपूर्ति व्यवस्थापन समितिले गर्नेछ ।

२. वरिष्ठताको आधारमा केन्द्र प्रमुख व्यवस्थापन समितिले तोक्नेछ ।

३. व्यवस्थापन समितिले केन्द्रमा रिक्त रहेको पदमा नयाँ नियुक्ति वा बढुवाद्वारा पूर्ति गर्नसक्नेछ ।

४. रिक्त पदमा नियुक्ति हुनको लागि आवश्यक पर्ने न्यूनतम योग्यता, पदपूर्तिको विज्ञापन, परीक्षाको किसिमलगायत छनौट विधि केन्द्रले निर्धारण गरेबमोजिम हुनेछ ।

५. स्थायी वा अस्थायी वा करार वा ज्यालादारी/आंशिकमा कर्मचारी नियुक्ति गर्न सकिनेछ ।

६. सेवामा रहेका प्राविधिक कर्मचारी तथा कर्मचारीको शैक्षिक योग्यता, कार्यक्षमता, जेष्ठता र कार्यसम्पादन समेतको मूल्याङ्कनको आधारमा केन्द्रले बढुवा गर्न सक्नेछ ।

७. नियुक्ति पाउने कर्मचारीले कम्तीमा ६ महिनाको परीक्षणकालमा रहनु पर्नेछ । सो अवधिमा निजको कार्य सन्तोषजनक नभएमा निजको नियुक्ति रद्द गर्न सकिने छ ।

५.३. तालिम : (१) केन्द्रमा कार्य गर्ने सबै कर्मचारीलाई उनीहरूको जिम्मेवारी बमोजिम श्वासप्रश्वास पुनर्स्थापनको तालिम दिइनेछ ।

(२) केन्द्रमा कार्य गर्ने मानव संसाधनलाई त्रिविवि शिक्षण अस्पताल लगायतका दीर्घ दमखोकी भएका व्यक्तिहरुलाई पुनर्स्थापन गर्ने सम्बन्धमा विज्ञता प्राप्त राष्ट्रिय अन्तर्राष्ट्रिय संस्थाहरुको प्राविधिक सहयोगमा श्वासप्रश्वास पुनर्स्थापनको तालिम दिइनेछ ।

(३) केन्द्रले भक्तपुर जिल्लाका चयन भएका सेवा प्रदायकहरूलाई श्वासप्रश्वास पुनर्स्थापनको तालिम दिईनेछ र केन्द्र बाहिर तालिम सेवा विस्तार गर्नेछ ।

(४) तालिमको लागि प्रशिक्षक छनौट गर्दा राष्ट्रिय विज्ञलाई प्राथमिकता दिइने छ । व्यवस्थापन समितिको निर्णय अनुसार श्वासप्रश्वास पुनर्स्थापनको तालिम सञ्चालन गर्ने व्यक्ति वा प्रशिक्षकका रुपमा मेडिकल डाक्टर, पल्मोनोलोजिष्ट, फिजियोलोजिस्ट, फिजियोथेरापिस्ट, न्यूट्रिशनिस्ट / डाइटिसियन वा नर्सहरू समेतले प्रशिक्षण गर्न सक्नेछन् ।

(५) यस केन्द्रलाई नेपालमा श्वासप्रश्वास पुनर्स्थापन सम्बन्धी प्रशिक्षण र विशेषज्ञता प्रदान गर्न राष्ट्रिय केन्द्रको रूपमा विकास गर्न सकिनेछ ।

## परिच्छेद- ६ : बिरामीको सेवा, रेफरल (प्रेषण) तथा सूचना व्यवस्थापन

६.१. सेवाहरूको फ्लो चार्ट : केन्द्रले यस नियमावली अनुसूची २ को फ्लो चार्टमा उल्लेख गरे बमोजिम आफ्नो सेवाहरू प्रदान गर्न सक्नेछ ।

६.२. बिरामीहरूको रेफरलः (१) केन्द्रले अन्य स्वास्थ्य संस्थाहरूबाट श्वासप्रश्वास पुनर्स्थापनका लागि रेफरल केसहरू प्राप्त गर्न र केन्द्रबाट अवस्था अनुसार अन्य स्वास्थ्य संस्थामा बिरामीलाई रेफर (प्रेषण) गर्न सक्नेछ ।

(२) केन्द्रले श्वासप्रश्वास पुनर्स्थापन नचाहिने वा सीओपीडी बाहेकका अन्य केसहरू वा थप सेवाहरू आवश्यक भएका केसहरुलाई अनुसूची ३ को मानक रेफरल पूर्जी प्रयोग गरी अन्य स्वास्थ्य संस्थामा बिरामीलाई रेफर (प्रेषण) गर्न सक्नेछ ।

(३) श्वासप्रश्वास पुनर्स्थापनमा प्रशिक्षण प्राप्त स्वास्थ्य केन्द्र र स्वास्थ्यकर्मीहरूले श्वासप्रश्वास पुनर्स्थापन सेवा चाहिने किसिमका बिरामीलाई अनुसूची ४ बमोजिमको रेफरल पूर्जी भरि केन्द्रमा पठाउन सक्ने छ ।

(४) माथि ६.२.(३) बमोजिम आएका बिरामीहरुलाई अनुसूची ५ बमोजिमको प्रारम्भिक मानंक विवरण लिई आवश्यक सेवाहरु उपलब्ध गराइने छ ।

६.३. सूचना व्यवस्थापनः (१) केन्द्रले अभिलेख रेकर्डिंग र रिपोर्टिंगका लागि कम्प्युटरमा आधारित स्थानीय सर्वरको व्यवस्थापन सूचना प्रणाली स्थापना गर्नेछ ।

(२) केन्द्रमा कार्यरत कर्मचारीहरूलाई कम्प्युटरमा आधारित व्यवस्थापन सूचना प्रणालीको तालिम प्राप्त हुनेछ जसले गर्दा सेवा अवधिमा उत्पन्न हुने तथ्यांक कम्प्युटराइज गरिनेछ र सुरक्षित सर्भरमा जानेछ ।

(३) तथ्यांक र जानकारीको गोपनीयता राखिनेछ ।

(४) केन्द्रमा सेवाका प्रतिवेदनहरु नियमित रूपमा प्रकाशित गरिनेछ ।

## परिच्छेद- ७ : अनुगमन, पर्यवेक्षण र मूल्यांकन

७.१. अनुगमन, पर्यवेक्षण र मूल्यांकनः (१) केन्द्रका गतिविधिहरूको अनुगमन, पर्यवेक्षण र मूल्यांकन भक्तपुर नगरपालिका र व्यवस्थापन समितिले गर्ने छन् ।

(२) केन्द्रमा कार्यरत कर्मचारीहरुको प्रगति समीक्षा र सेवा सुधारका लागि आवश्यकता अनुसार बैठक र गोष्ठीको आयोजना गर्न सकिनेछ ।

(३) भक्तपुर नगरपालिकाले केन्द्रको सुधारको लागि बाह्य मूल्यांकन र प्रतिक्रिया लिन आवश्यकता अनुसार विज्ञ र आधिकारीक व्यक्तिहरुलाई बोलाउन सक्नेछ ।

## परिच्छेद- ८ : अन्य

८.१. व्याख्या : यस नियमावलीको आवश्यक संशोधन भक्तपुर नगरपालिका नगर कार्यपालिकाले गर्न सक्नेछ ।

## अनुसूची १

(नियम ५.१.(४) संग सम्बन्धित)

### केन्द्रमा कार्य गर्ने जनशक्तिको कार्य विवरण

**१. केन्द्र प्रमुख**

क. दैनिक प्रशासन संचालन गर्ने ।
ख. कर्मचारीहरूलाई आवश्यक निर्देशनहरू दिने ।
ग. व्यवस्थापन समितिसँग आवश्यक परामर्श लिने
घ. केन्द्रको अभिलेख राख्ने ।
ङ. केन्द्रको सम्पत्तिको रेखदेख गर्ने ।

**२. मेडिकल डाक्टर**

क. रोगको निदान, आवश्यक उपचार र मनोविमर्श गर्ने तथा श्वासप्रश्वास पुनर्स्थापन सेवाको लागि उपयुक्त ठाउँमा रिफर (Refer)गर्ने ।
ख. दीर्घ दमखोकीका बिरामीलाई इमर्जेन्सी वा विशेष उपचार प्रदान गर्ने ।
ग. केन्द्रको व्यवस्थापन गर्ने ।
घ. व्यवस्थापन समितिप्रति उत्तरदायी तथा जवाफदेही हुने ।
ङ. कार्यक्रमहरूको रेकर्ड राख्ने र निधारित ढाँचा अनुसार रिपोर्ट तयार गर्ने ।
च. व्यवस्थापन समितिको निर्देशनमा अन्य आवश्यक कार्यहरु गर्ने ।

**३. फिजियोथेरापिस्ट**

क. मेडिकल डाक्टरको परामर्श लिएर श्वासप्रश्वास पुनर्स्थापनको लागि दीर्घ दमखोकी भएका मानिसहरू छान्ने र ती मानिसहरूको लागि पुनर्स्थापन योजना तयार गर्ने ।
ख. श्वासप्रश्वास पुनर्स्थापन तथा मानोविमर्श सेवा प्रदान गर्ने ।
ग. योजना अनुसार श्वासप्रश्वास पुनर्स्थापन सेवाहरू प्रदान गर्न हेल्थ असिस्टेन्ट र स्टाफ नर्सलाई सिकाउने तथा सहयोग गर्ने ।
घ. हेल्थ असिस्टेन्ट र स्टाफ नर्सको सहयोगमा श्वासप्रश्वास सेवा प्राप्त गरिरहेका बिरामीहरूलाई नियमित अनुगमन गर्ने ।

ङ. आपतकालीन वा विशेष उपचार आवश्यक भएको अवस्थामा राम्रो र उपयुक्त उपचारको लागि रिफर गर्ने ।

च. उपचारको गुणस्तर कायम राख्न श्वासप्रश्वास पुनर्स्थापन केन्द्रमा प्रयोग हुने उपकरणहरूको नियमित रुपमा सञ्चालन र व्यवस्थापन गर्ने ।

छ. कार्यक्रमहरूको रेकर्ड राख्ने र निर्धारित ढाँचा अनुसार रिपोर्ट तयार गर्ने ।

ज. व्यवस्थापन समिति र माथिल्लो अधिकारीको निर्देशनमा अन्य आवश्यक कार्यहरु गर्ने ।

**४. स्टाफ नर्स**

क. आधारभूत जाँच जस्तै बिरामीको विस्तृत जानकारी (उमेर, धुम्रपान गर्ने/नगर्ने), सामान्य जाँच (उचाई, तौल र रक्तचाप) लिने र दीर्घ दमखोकी असेस्मेंट टेस्ट गर्ने ।

ख. रोगको निदान र उपचारमा मेडिकल डाक्टरलाई सघाउने ।

ग. धुम्रपान निवारण र पोषण सम्बन्धी परामर्श दिने ।

घ. फिजियोथेरापिस्टलाई आवश्यकता अनुसार सघाउने ।

ङ. संक्रमण रोकथामको लागि सावधानी अपनाउने ।

च. कार्यक्रमहरूको रेकर्ड राख्ने र निर्धारित ढाँचा अनुसार रिपोर्ट तयार गर्ने ।

छ. व्यवस्थापन समिति र माथिल्लो अधिकारीको निर्देशनमा अन्य आवश्यक कार्यहरु गर्ने ।

**५. हेल्थ असिस्टेन्ट**

क. श्वासप्रश्वास पुनर्स्थापन योजना बनाउन र कार्यन्वयन गर्न फिजियोथेरापिस्टलाई सघाउने ।

ख. उपचारको गुणस्तर कायम राख्न नियमित रुपमा उपकरणहरूको सञ्चालन र व्यवस्थापन गर्न फिजियोथेरापिस्टलाई सघाउने ।

ग. मेडिकल डाक्टरलाई आवश्यकता अनुसार सघाउने ।

घ. पोषण, धुम्रपान निवारण, औषधि उपचार, फिजियोथेरापी क्रियाकलापलाई निरन्तरता दिने र सरसफाई बारे परामर्श दिने ।

ङ. कार्यक्रमहरूको रेकर्ड राख्ने र निर्धारित ढाँचा अनुसार रिपोर्ट तयार गर्ने ।

च. व्यवस्थापन समिति र माथिल्लो अधिकारीको निर्देशनमा अन्य आवश्यक कार्यहरु गर्ने ।

**६. प्रशासन सहायक**

क. केन्द्रसंग सम्बन्धित आन्तरिक तथा बाह्य प्रशासनिक कार्यहरु गर्ने ।

ख. केन्द्रको सहज सञ्चालनको लागि दैनिक कार्यहरु व्यवस्थित गर्ने ।

ग. कर्मचारीहरुको दैनिक हाजिरी, विदा तथा सेवा सुविधाहरुको अभिलेख दुरुस्त राख्ने ।

घ. व्यवस्थापन समितिको बैठकको लागि आवश्यक सहयोग गर्ने ।

ङ. मासिक रुपमा प्रगति प्रतिवेदनहरु लिने र अभिलेख राख्ने ।

च. व्यवस्थापन समिति र माथिल्लो अधिकारीको निर्देशनमा अन्य आवश्यक कार्यहरु गर्ने ।

**७. लेखा सहायक**

क. केन्द्रको आम्दानी तथा खर्चको हिसाब राख्ने ।

ख. केन्द्रको वार्षिक बजेट निर्माणमा आवश्यक सहयोग गर्ने ।

ग. मासिक रुपमा आर्थिक तथा लेखा सम्बन्धी प्रतिवेदन पेश गर्ने ।

घ. वार्षिक रुपमा तलबी प्रतिवेदन व्यवस्थापन समितिबाट पास गर्न पेश गर्ने ।

ङ. व्यवस्थापन समिति र माथिल्लो अधिकारीको निर्देशनमा अन्य आवश्यक कार्यहरु गर्ने ।

**८. जिन्सी सहायक**

क. केन्द्रको सम्पत्तिको अभिलेखको व्यवस्थापन गर्ने ।

ख. केन्द्रको सबै सामानको अनुसूची र भण्डारको तोकिए बमोजिम अभिलेख राख्ने ।

ग. केन्द्रको सम्पत्तिको सुरक्षा गर्ने गराउने, आवश्यकता अनुसार मर्मत र व्यवस्थापन गर्ने ।

घ. केन्द्रको सम्पत्तिहरुको वार्षिक प्रतिवेदन पेश गर्ने ।

ङ. केन्द्रलाई आवश्यक पर्ने सामग्रीहरुको खरिद एवं अनावश्यक सामानहरुको बिसर्जन सम्बन्धी आवश्यक कार्य गर्ने ।

च. व्यवस्थापन समिति र माथिल्लो अधिकारीको निर्देशनमा अन्य आवश्यक कार्यहरु गर्ने ।

**९. कार्यालय सहयोगी**

क. केन्द्रको सरसफाई तथा स्वच्छता कायम राख्ने ।

ख. केन्द्रको व्यवस्थापन गर्न प्रशासन तथा लेखालाई सघाउने ।

ग. उपचारको गुणस्तर कायम राख्न सेवा प्रदान गर्न प्रयोग हुने सबै उपकरण तथा आवश्यक वस्तुहरू सफा र अद्यावधिक राख्न प्राविधिक कर्मचारीहरूलाई सघाउने ।

घ. माथिल्लो अधिकारीहरूद्वारा दिएका कार्यहरु सम्पादन गर्ने ।

ङ. व्यवस्थापन समितिको निर्देशनमा अन्य आवश्यक कार्य गर्ने ।

**१०. सुरक्षा गार्ड**

क. केन्द्रको सुरक्षाको सम्पूर्ण व्यवस्था गर्ने ।

ख. केन्द्रको प्रशासनिक कार्यमा सहयोग गर्ने ।

ग. माथिल्लो अधिकारीहरूद्वारा दिएका कार्यहरु सम्पादन गर्ने ।

घ. व्यवस्थापन समितिको निर्देशनमा अन्य आवश्यक कार्य गर्ने ।

अनुसूची– २

(नियम ६.१. संग सम्बन्धित)

## बिरामी आउने प्रणाली

नयाँ केस

फलोअप केस

दीर्घ दमखोकी भन्दा बाहेकको केस वा रिफरल केस

सेवाग्राहीको प्रवेश

दर्ता गर्ने कोठा
(दर्ता गर्ने र उचाई, तौल र रक्तचाप जाँच्ने)
(नर्स, AFA)

फिजियोथेरापी गर्ने कोठा
(श्वासप्रश्वास पुनर्स्थापना)
(फिजियोथेरापिस्ट, हेल्थ असिस्टेन्ट, नर्स)

परामर्श सेवा कोठा
(History taking, शारीरिक परीक्षण, स्पाईरोमेट्रि टेस्टं
(मेडिकल डाक्टर, नर्स वा हेल्थ असिस्टेन्ट)

परामर्श
(पोषण, औषधी, फिजियोथेरापी तथा रेफरलसम्बन्धी परामर्श)
(मेडिकल डाक्टर, नर्स वा हेल्थ अस्टिेन्ट)

बाहिर जाने

## अनुसूची- ३
(नियम ६.२.(२) संग सम्बन्धित)

### प्रेषण स्लिप

*औषधिको लागि नजिकको शहरी स्वास्थ्य केन्द्र अथवा जनास्वास्थ्यमा सम्पर्क गर्नु होला ।

मितिः

बिरामीको नामः

टेलीफोन नम्बरः

ठेगानाः

रिफर गरेको ठाउँः

रोगको निदानः

प्रेषण गरेको कारण (रोगको हिस्ट्री र परिक्षणहरूको नतिजा तथा प्रेषण गर्नुको कारण वृस्तित रुपमा लेख्ने :

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

प्रेषण गर्ने चिकित्सकको सहि : ..............................................

नामः

## अनुसूची – ४

(नियम ६.२.(३) संग सम्बन्धित)

### बिरामीको विवरण फारम

मितिः

नामः

जन्म मितिः

लिङ्गः ☐ पुरुष ☐ महिला अन्य ☐

ठेगाना :

सम्पर्क नम्बर :

वैवाहिक स्थिति :

हेरचाह गर्ने व्यक्तिको नाम :

बिरामीसँगको नाता :

सम्पर्क नम्बर :

रक्तचाप :

उचाई :

तौल :

CAT टेस्टको प्राप्तांक :

स्पाईरोमिटरको रिडिङ :

टिप्पणीहरू :

रिफर गर्ने स्वास्थ्य केन्द्र वा संस्था :

## अनुसूची – ५
### (नियम ६.२.(४) संग सम्बन्धित)
# दीर्घ दमखोकी जाँच गर्ने प्रारम्भिक मानंक विवरण फाराम

तपाईको नाम :

आजको मिति :

**तपाईको सीओपीडी कस्तो छ ? सिओपीडी आंकलन जाँच[TM] (सीएटी) गर्नुहोस् ?**

यो प्रश्नावलीले तपाईंको स्वास्थ्य र दैनिक गतिविधिमा दीर्घ दमखोकी (दीर्घ स्वासप्रश्वास अवरोधकारी रोग) को प्रभाव मापन गर्न तपाई तथा तपाईंको स्वास्थ्यकर्मीलाई सहयोग गर्दछ । उहाँले तपाईंको जवाफ तथा जाँचबाट प्राप्त अंकको आधारमा तपाईंको सिओपीडीको व्यवस्थापनमा सुधार ल्याउन तथा उपचारको उच्चतम् लाभ प्राप्त गर्नको लागि यो जाँच गर्न सक्नुहुन्छ ।

तल उल्लेखित हरेक प्रश्नमा तपाईंको हालको स्थितिलाई वर्णन गर्ने बक्समा चिन्ह (X) लगाउनुहोस् । प्रत्येक प्रश्नको लागि केवल एक ठाउँमा चिन्ह लगाउनुहोस् ।

| | | | प्राप्त अंक |
|---|---|---|---|
| **उदाहरण** : म धेरै खुशी छु । | 0 X 2 3 4 5 | म धेरै दुःखी छु । | |
| म कहिल्यै खोक्दिन । | 0 1 2 3 4 5 | म सधैं खोक्छु । | |
| मेरो छातीमा खकार छदैं छैन । | 0 1 2 3 4 5 | मेरो छाती खकारले भरिएको छ । | |
| मेरो छाती कसीएको महसुस हुदैन । | 0 1 2 3 4 5 | मेरो छाती एकदमै कसिएको महसुस हुन्छ । | |
| उकालो वा भऱ्याङ्गको खुड्किला चढ्दा मेरो सास फुल्दैन । | 0 1 2 3 4 5 | उकालो वा भऱ्याङको खुड्किला चढ्दा मेरो सास फुल्छ । | |
| मलाई घरमा कुनै काम गर्न कठिनाई छैन । | 0 1 2 3 4 5 | म घरमा ज्यादै थोरै मात्र काम गर्न सक्छु । | |
| मेरो फोक्सोको अवास्था जस्तो भएपनि मलाई घरबाहिर जान सक्छु भन्ने आत्मविश्वास छ । | 0 1 2 3 4 5 | मेरो फोक्सोको अवस्थाको कारण मलाई घर बाहिर जाने आत्मविश्वास छैन । | |
| म मज्जाले सुत्छु । | 0 1 2 3 4 5 | मेरो फोक्सोको अवस्थाको कारणले मलाई सुत्न असजिलो हुन्छ । | |
| मसँग प्रशस्त तागत छ । | 0 1 2 3 4 5 | मसँग पटक्कै तागत छैन । | |
| | | **प्राप्त भएको अंक** | |

COPD Assessment Test and CAT logo is a trademark of the GlaxoSmithKline group of companies.
© 2009 GlaxoSmithKline. All rights reserved.
Last Updated: February 24, 2012

आज्ञाले
(रामलाल श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०७७।१०।१८ गते

मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८